चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ
☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np
गण्डकी प्रदेश, नेपाल

## मिति २०७८।०६।१५ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. चामे गाउँपालिका वडा नं. १ वाट शिक्षक व्यवस्थापनको लागि वडा कार्यालयको सिफारिस सहित पेश भएकोमा मितिः२०७८।०४।०३ गतेको गाउँ शिक्षा समितिको निर्णयमा नं. १ र चामे गाउँ कार्यपालिकाको मितिः२०७८।०४।०४ गते भएको अनुमोदनबाट गाउँपालिकामा रहेका ४ बटा विद्यालयमा कार्यरत ८ जना शिक्षकहरुलाई आ-आफ्नो दरबन्दी रहेको विद्यालयमा मितिः२०७८।०८।०१ गतेबाट हाजिर हुन सम्बन्धित विद्यालयमा पठाउने निर्णय गरियो ।

२. कार्यालयमा प्राविधिक जनशक्ति अभावको कारणले गर्दा कार्यालयको काम समयमा सम्पन्न गर्न असहज भएको कारणले गर्दा एक जना सव-ईन्जिनियर करारमा लिन गाउँ पालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

३. संविधान दिवसको अवसरमा विविध खेलकुद कार्यक्रम संचालनको लागि भैपरि आउने शिर्षकवाट रु.१ लाख ५० हजार विनियोजन भएकोमा उक्त खेलकुद कार्यक्रम सम्पन्न भएको खेलकुद कार्यक्रममा व्यवस्थापन विविध, पुरस्कार लगायतका शिर्षकमा रु.१ लाख ७५ हजार खरच भएकोले खर्च अनुमोदन गरी नपुग रकम रु.२५ हजार सोहि शिर्षकबाट थप विनियोजन गरी खर्च भुक्तानी गर्न गाउँपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिका वार्ड नं.१ मा रहेको तिमाङ छहरामा २०७८ आषाढ १ मा आएको बाढीले क्षति ग्रस्त पुलमा आवागमन सुचारु गर्न काठेपुल निर्माण गर्न रु.५ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो।

५. नेपालीहरुको महानचाड २०७८ को शुभ बिजयादशमी, दिपावली तथा छठ पर्वको उपलक्ष्यमा चामे गाउँपालिबासी जनता, सम्पुर्ण जनप्रतिनिधिहरुका साथै पालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको व्यक्तिगतका साथै परिवारीक सु-स्वास्थ्य, दिर्घायु तथा उत्तरोउत्तर प्रगतिको मंगलमय शुभकामनाका साथै हाल विश्व भरी फैलिएको कोरोना भाईरस (कोभिड-१९) बाट सुरक्षित रहि स्वास्थ्यका उपायहरु अपनाई पर्वहरुमा मनाउन समेत अनुरोध गर्दै शुभकामना प्रस्ताव पारित गरियो ।